**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७५/०७६ सालको निर्णय नं. १७३

पुनरावेदन नं. ०७५-RB-००११

**मुद्दाः-<u>आयकर(२०६७/०६८)।</u>**

| | |
|---|---|
| काठमाडौ जिल्ला का.म.न.पा.वडा नं.१ दरबार मार्ग स्थित कुमारी बैक लिमिटेड (स्थायी लेखा नं.५००००९०९९) को तर्फबाट ऐ. का प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारी.................................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ .................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री भिम बन्जारा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः – नि.प्रमुख कर प्रशासक गोपाल प्रसाद घिमिरे ।

शुरु निर्णय मितिः २०७२/०६/२९

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०२।१०

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. पुनरावेदक कुमारी बैक लिमिटेडले आ.व. २०६७/०६८ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.३३,३८,८४,४६४/०० देखाइ मिति २०६८/९/२७ मा विवरण पेश गरेका रहेछन ।

२. प्रस्तुत करदाताको आ.व. २०६७/०६८ को आय विवरणको कर परिक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रीम कर कट्टी गर्नु पर्नेमा गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा ९०(८) र १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७२/०६/०१ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/०६/०१ मा जारी भएको सूचना करदाताले मिति २०७२/०६/१३ मा बुझी लिइ सूचनाको जवाफ मिति २०७२/०६/२७ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०६७/०६८ का लागि रु.३६,३६,२८,८२५/१५ (छत्तिस करोड छत्तिस लाख अठ्ठाइस हजार आठ सय पच्चिस रुपैया पन्ध्र पैसा) करयोग्य आय कायम गरी आयकर ऐन २०५८ बमोजिम शंसोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८ र ११९ र दफा १२०(क) बमोजिम व्याज र शुल्क समेत गणना गरी कर दाखिला गर्न सुचना जारी गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/०६/२९ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/०६/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी कुमारी बैक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०८/०९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. संशोधित कर निर्धारण सम्बन्धी निर्णय कानुनसम्मत नै भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/१० मा भएको निर्णय ।

७. यसमा शुरु करदाता कार्यालयले मिति २०७२/०६/२९ मा गरेको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा स्थिर सम्पत्ति सवारी साधनको ह्रास खर्च दावी गर्न पाउनेमा नदिएको, बैक कर्मचारीलाई प्रदान गरिएको सवारी साधनको विमा तथा सवारी कर खर्च लाई खर्च दावी गरेकोमा नदिएको, पहिले अमान्य गरेको पट्टा सम्पत्तिको ह्रास खर्चलाई एकमुष्ट दावी गरेकोमा नदिएको, विकास ऋणपत्र (**Bond**) खरिद गर्दा भुक्तानी गरेको प्रिमियम रकमलाई खर्च मान्यता नदिएको, दम्पत्ती महिला कर्मचारीलाई लाग्ने करमा १०% कर छुट नदिएको, कर्मचारीको पोशाक वापतको खर्चलाई मान्यता नदिएको हुँदा उक्त संशोधित कर निर्धारण आदेश बदर गरी पाउँ भन्ने पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०६/२१ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता श्री भीम बन्जाराले KBL vehicle Scheme अन्तर्गत खरीद भएका सवारी साधनहरु ब्यबसायकै नाममा रहने, ब्लु बुक लगायतका कागजातमा ब्यबसायकै स्वामित्व देखिने, कर्मचारीले कार्यालय प्रयोजन सहित आफ्नो काममा प्रयोग मात्र गर्ने, कर्मचारीको स्वेच्छाले नभई संस्थाको निर्णयले मात्र सवारी साधन उपयोग गर्न सकिने भै ब्यबसायकै सवारी साधन भएको हुँदा सो को ह्रास खर्च, कर शुल्क एवं बीमा समेत ब्यबसायकै खर्चमा पर्ने भै सो खर्च कट्टी दावी कानून बमोजिम भएकाले करदाताले खर्च कट्टी पाउनु पर्दछ । पछि निसर्ग समेत ब्यबसायीकै निर्णय बमोजिम मात्र हुने हुँदा स्वामित्व र प्रयोगमा रहेको स्थायी सम्पतिको ह्रास खर्च, बीमा शुल्क र कर तिरेको खर्च अमान्य गर्नु कानून विपरीत, सञ्चालकले ब्यापार प्रवर्द्धनमा गरेको खर्च, विकास ऋण पत्रको प्रिमियम मा तिरेको रकम वार्षिक ब्याजबाट कट्टा गर्न पाउने कानूनी प्रावधान रहेकोमा अमान्य गरेको र Leasehold Assets को Depreciation अमान्य गरेको निर्णय कानून विपरीत र मनोगत भएकाले बदरभागी छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो ।

१०. त्यस्तै प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायधिवक्ता श्री शम्भु

कुमार बस्नेतले ले Vehicle Scheme सम्बन्धमा यस भन्दा पहिले यसै इजलासबाट धेरैवटा मुद्दा फैसला भैसकेको हुँदा यस विषयमा थप जिकीर गरिरहन परेन । विकास ऋणपत्रको सम्बन्धमा समेत विभिन्न मुद्दामा यसै ईजलाशबाट फैसला भईसकेको देखिदा थप भनिरहनु परेन । शेयरहोल्डरले निजी ब्यबसायमा जस्तो ब्यापार प्रवर्द्धन भनेर थप खर्च पाउने अवस्था रहदैंन । Leasehold Assets को Depreciation आवधिक रुपमा गर्नुपर्नेमा एकमुष्ट गरेको नमिलेको हुँदा शुरु कार्यालयको निर्णय सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो ।

११. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी, पुनरावेदनपत्र सहितका मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी निर्णय दिनु पर्ने देखिन आयो ।

१२. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयो ।

**(क) KBL vehicle scheme का सम्बन्धमाः-**

बैंकको निर्णयानुसार कर्मचारीहरुलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, सुविधा पाउने कर्मचारीले बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपभोग गर्ने अधिकार Possessory Right सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized as an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

**(अ) ह्रास खर्च कट्टी दावीः–** आयकर ऐन, २०५८ को दफा १९(१)मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरु ठूला करदाता कार्यालयको निर्णय कानूनसम्मत नै देखिन आयो ।

**(आ) बीमा खर्चः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

**(इ) सवारी साधनकर र अन्य खर्चः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

<u>**(ख) ब्यापार प्रवर्द्धन खर्च सम्बन्धमाः–**</u>

बैंकका सञ्चालकहरुले बैंकमा गरेको योगदानको आधारमा भुक्तानी तथा सोधभर्ना प्राप्त गर्ने हो, निजी ब्यबसायमा जस्तो प्रवर्द्धनको कार्यमा हरेक शेयरहोल्डर संलग्न हुने अवस्था नहुने हुदा कम्पनीका सञ्चालकहरुले कम्पनीबाट कर पछिको मुनाफा वितरणको रुपमा मात्र

कुनैपनि सुविधा वा रकम लिन पाउने ब्यबस्था छ । तसर्थ यस्तो खर्च आयकर ऐन,२०५८ को दफा १३ बमोजिमको खर्च पाउने अवस्था नदेखिदा शुरु ठूला करदाता कार्यालयको निर्णय कानूनसम्मत नै रहेको देखिन्छ ।

**(ग) विकास ऋणपत्र को Amortization का सम्बन्धमाः-**

विकास ऋणपत्रको Premium लाई Amortize गरी खर्च लेखेको सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ ले व्यवसायको सम्पत्ति व्यापारिक मौज्दात, व्यवसायिक सम्पत्ति ह्रासयोग्य सम्पत्ति एवं गैर व्यवसायिक सम्पत्तिको रुपमा वर्गिकरण गरेको छ। करदाताले खरिद गरेको विकास ऋण पत्र (Bond) आयकर ऐन, २०५८ को दफा २ खण्ड (क) र (ट) अनुसार व्यवसायिक सम्पत्ति भित्र पर्दछ । जुन खरिद गर्दा भुक्तानी गरेको सम्पूर्ण रकम सोही सम्पत्तिको लागतमा समावेश गर्नुपर्दछ।

पुनरावेदकले बैंकिग ब्यबसाय गर्ने यस कम्पनीले नियामक निकाय नेपाल राष्ट्र बैंकको निर्देशनानुसार लेखाकंन गर्नुपर्ने र **International Financial Reporting Standards – IFRSS** अनुसार प्रतिवेदन गर्नुपर्ने जिकीर लिएतापनि वित्तीय प्रतिवेदन तयार गर्दा आफनो आय ब्यय विवरण संगसंगै आयकर प्रयोजनका लागि छुट्टै आय विवरण भरी पेश गर्ने प्रचलन कर दायित्व भएका सवै किसिमका ब्यबसायमा रहेको छ।

आयकर ऐन २०५८ को दफा १९ अनुसूची २ मा वर्गिकृत सम्पत्तिहरुको ह्रास रकम यकिन गरी खर्च दावी गर्न पाउने व्यवस्था गरेको छ।तर व्यवसाथिक सम्पत्तिको हकमा निसर्ग गर्दाको समयमा नाफा भए आम्दानी र नोक्सान भए सो हदसम्मको खर्चका रुपमा लेखांकन गर्न पाउने स्पष्ट प्रावधान आयकर ऐन २०५८ को परिच्छेद ८ मा उल्लेख भएको देखिन आयो ।तसर्थ, करदाताले विकास ऋणपत्रको नामबाट प्रिमियम वापत तिरेको रकम Amortize गरी खर्च घटाई समायोजन गरेको कारणबाट कम हुन गएको ब्याज आय रकम आय कर ऐन,२०५८ को दफा ७(२)(छ) बमोजिम आयमा समावेश गर्नुपर्ने भनी गरेको कर निर्धारण आदेश मिलेकै देखिन आयो ।

**(घ) Depreciation On Leasehold Assets का सम्बन्धमाः–**

पुनरावेदकले आयकर ऐन,२०५८ को अनुसूची २ बमोजिम ह्रास खर्च गणना गरेपछि गत विभिन्न आ.व.हरु र गत आ.व.समेतको प्रत्यर्थी कार्यालयबाट **Leasehold Assets** को समूहीकरणमा अन्यथा भएको कारणबाट ह्रास खर्च कट्टी अमान्य भएको जम्मा रकम रु.२,६६,३३,०५४।८२ लाई Differental Depreciation On Leasehold Assets भनी वर्ग ङ मा थप खर्च कट्टी गरेकोमा उल्लेखित रकमको २० प्रतिशत ले हुने रकम रु.५३,२६,६१०।९६ मात्र थप गरी ह्रास खर्च कट्टी गर्नुपर्नेमा बढी खर्च दावी गरेकाले अमान्य गरेको देखिदा प्रत्यर्थीको निर्णय कानूनसम्मत र वस्तुगत रहेको देखिन्छ ।

**(ङ) अग्रिम करकट्टी तर्फः-**

**(अ)लेखापरीक्षण र अन्य शूल्कमा अग्रिम कर कट्टी सम्बन्धमाः-**

लेखा परीक्षण खर्च लेखा परीक्षण कार्य सम्पन्न गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्दा भएका सम्झौताका शर्त अनुसार खर्च हुने देखिन्छ । सम्झौतामा उल्लेख भएका शर्त अनुसारका सवै रकम लेखा परीक्षकको सुविधा अन्तर्गत पर्ने र यी रकमहरु भुक्तानी गर्दा ऐनको दफा ८८ (१) अनुसार अग्रिम कर कट्टी गर्न पर्ने देखिदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

**(आ) पोशाक खर्चमा अग्रिम कर सम्बन्धमाः—**

बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८(२) खण्ड (क), (ख) र (छ) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन तथापी उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर गरी यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोशाक वापतको हुने रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ ।

**इ) महिला कर्मचारीलाई १० प्रतिशत छुट नदिएको सम्बन्धमाः–**

महिला कर्मचारीहरुको पारिश्रमिक आयमा लाग्ने करमा १० प्रतिशतले घटी कर तिर्ने गरी सुविधा दिएकोलाई प्रत्यर्थीहरुले अमान्य गरी दम्पत्ति सुबिधा लिएका महिला कर्मचारिले उक्त सुविधा नपाउने भन्ने अर्थमा कर निर्धारण गरेको देखियो । ऐनको अनुसूचि-१ को दफा १(११) मा पारिश्रमिक आय मात्र भएका महिलाको आयमा लाग्ने आयकरमा १० प्रतिशतले छुट पाउने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ । प्रत्यर्थी कार्यालयले पारिश्रमिक आय बाहेक अन्य श्रोतबाट समेत आय आर्जन भएको प्रमाणित गर्न सकेको अवस्था देखिदैन । महिलाहरुमा उद्यमशिलता बृद्धिहोस र आत्मनिर्भरता कायम हुन सकोस भन्ने समेतको अभिप्रायले विधायिकाले दिएको यसप्रकारको सुविधालाई अन्यथा अर्थ गरी कर सुविधाबाट वन्चित गर्नु विशेष संरक्षणको संवैधानिक मान्यता तथा सम्बन्धित कानूनी व्यवस्था विपरीत हुन जान्छ । आयकर निर्देशिका २०६६ (संशोधन २०६८) को पृष्ट १५४ मा उदाहरणसहित सो सुविधा दिन मिल्ने गाइड लाइन आन्तरिक विभागबाट जारी भएको स्थितिमा दम्पति सुविधा लिएका महिला कर्मचारिहरुले १० प्रतिशत कर छुटको सुविधा नपाउने भन्नु न्याय संगत हुँदैन । कानूनको सम्बन्धित दफाको प्रतिबन्धात्मक वाक्यांशमा यो यस्तो अवस्थामा नपाउने भनी स्पष्ट रुपमा व्यवस्था गरेको अवस्थामा बाहेक कानूनमा लेखिएको व्यवस्थालाई अन्यथा अर्थ गरी अर्थात दम्पत्ति सुविधा लिएका महिला कर्मचारीहरुले तिर्नुपर्ने करमा १० प्रतिशत कर छुट नपाउने भन्ने अर्थ गरी सो सुबिधाबाट बन्चित हुने गरी भएको उक्त सम्बद्ध निर्णय कानुन, सद्वविवेक र न्यायका मान्य सिद्धान्त प्रतिकूल भएको देखिन आयो । अतः उक्त निर्णय उल्टी भइ पुनरावेदकले महिला कर्मचारीहरुलाई तलव सुविधा वापतको रकम भुक्तानी गर्दा लाग्ने करमा १० प्रतिशत कर छुट पाउने मान्यताका आधारमा पारिश्रमिक भुक्तानी गरेको कानूनसम्मत नै देखियो ।

**(ई) आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्कको सम्बन्धमाः-**

अग्रिम कर कट्टी गर्नु पर्ने रकम फरक परेको एवं अग्रिम कर कट्टी गर्न छुट भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लाग्न सक्दैन भनी जिकिर लिएको देखिन्छ । पुनरावेदकले लिएको जिकिर अग्रिम कर कट्टी गर्न छुट भएको वा दाखिला नभएको वा कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२०(क) मा अग्रिम कर कट्टी रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टी गर्न पर्ने रकम कट्टी गर्न छुट्ट भएमा वा त्यस सम्बन्धी विवरणहरु नलुकाएको अवस्थामा शुल्क लाग्ने व्यवस्था रहे भएको नदेखिँदा सो हदसम्म शुरु निर्णय मिलेको देखिएन ।

१३. अतः उपरोक्त उल्लेखित आधार कारणबाट स्थायी लेखा नं. ५०००० ९०९९ भएका पुनरावेदक करदाता कुमारी बैक लिमीटेडको आ.२०६७/०६८ को आयकर निर्धारण सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०७२/६/२९ को निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/२/१० मा भएको निर्णयमा अग्रिम कर कट्टी तर्फ महिलाको पारिश्रमिक आयको तिर्नु पर्ने करमा १०% छुट नदिई गरेको कर निर्धारणको निर्णय र आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ ।

त्यसै गरी सोही निर्णयमा अग्रिम कर कट्टी तर्फ कर्मचारीको पोशाक खर्च रकमलाई पारिश्रमिक आय कायम गरी अग्रिम कर कट्टी माग गर्दा कर्मचारीको व्यक्तिगत पारिश्रमिक आयमा गणना गरी जो जसलाई जे जति कर लगाउनु पर्ने हो सो नगरी एकमुष्ट २५% का दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय मिलेको नदेखिँदा बदर गरी दिएको छ । यस विषयमा जो जे बुझ्नु पर्छ बुझी पुनः निर्णय गर्नु भनी मिसिल ठुला करदाता कार्यालय ललितपुरमा पठाई दिने ठहर्छ । अन्यमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसील

माथि ठहर खण्डमा स्थायी लेखा नं. ५००००९०९९ भएका पुनरावेदक करदाता कुमारी बैक लिमिटेडको आ.ब.२०६७/०६८ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा आयकर (अग्रिम कर) तर्फ महिलाको पारिश्रमिक आयको तिर्नुपर्ने करमा १० प्रतिशत छुट नदिई गरेको कर निर्धारणको निर्णय र आयकर ऐन २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू..........................................................................१

माथि ठहर खण्डमा अग्रिम कर तर्फ कर्मचारी पोशाक रकमलाई पारिश्रमिक आय कायम गरी अग्रिम कर कट्टि माग गर्दा कर्मचारीको व्यक्तिगत पारिश्रमिक आयमा गणना गरी जो जसलाई जे जति कर लगाउनुपर्ने हो, सो नगरी एकमुष्ठ २५ प्रतिशतका दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय निमिलेकोले बदर हुने ठहर भएको हुँदा यस विषयमा अब जो जे बुझ्नु पर्छ बुझी पुनः निर्णय गरी पुनरावेदक करदातालाई जानकारी दिनु भनी प्रत्यर्थी ठूला करदाता कार्यालय हरिहरभवनमा लेखी पठाउनू...........................................२

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू.............३

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू.................. ...४

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू................ ५

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतः विश्वराज कुइकेल

इतिसम्बत २०७६ साल असार ०५ गतेरोज ५ शुभम.........................................